म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ८ २०८१ मंसिर २९ गते शनिबार 14 December 2024, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## राष्ट्रपतिद्वारा पाँच देशका राजदूत नियुक्त

काठमाडौंः राष्ट्रपति रामचन्द्र पौडेलले पाँचवटा देशका राजदूत नियुक्त गरेका छन्। पोर्चुगल, स्पेन, दक्षिण अफ्रिका, बेल्जियम र दक्षिण कोरियाका राजदूत नियुक्त गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ। संविधानको धारा २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले राजदूत नियुक्त गरेको राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

जस अनुसार पोर्चुगलका लागि प्रकाशमणि पौडेल, स्पेनका लागि सनिल नेपाल, दक्षिण अफ्रिकाका लागि प्रा.डा. कपिलमान श्रेष्ठ, बेल्जियमका लागि सेवा लम्साल र कोरियाका लागि शिवमाया तुम्बाहाङ्फेलाई राजदूत नियुक्त गरिएको राष्ट्रपति कार्यालयकी प्रवक्ता शैलजा रेग्मी भट्टराईले जानकारी दिइन्। *(स्रोतः अनलाईनखबर)*

# पत्रकार महासंघको प्रदेशमा कृष्ण, जिल्लामा बालकृष्ण



*कृष्ण सारु मगर*



*बालकृष्ण अधिकारी*

**समाज संवाददाता**

हेटौंडाः नेपाल पत्रकार महासंघको नयाँ नेतृत्व चयनका लागि शुक्रबार निर्वाचन कार्यक्रम सम्पन्न भएको छ। पटक-पटक मिति तोकिएर पनि सर्दै आएको निर्वाचन कार्यक्रम अन्ततः शुक्रबार सम्पन्न भएको हो। शुक्रबार सम्पन्न निर्वाचनबाट बागमती प्रदेश समितिको अध्यक्षमा मकवानपुरका कृष्ण सारु मगर निर्वाचित हुनुभएको छ। कृष्ण सारु मगरले नुवाकोटका शिव देवकोटालाई पराजित गर्नुभएको हो। यसअघि २ कार्यकाल महासचिवको जिम्मेवारी सम्हाल्नु भएका कृष्णले वर्तमान अध्यक्ष शिवलाई पराजित गर्नुभएको हो।

शुक्रबार सम्पन्न निर्वाचनमा बागमती प्रदेशका १० जिल्लाका ९५१ सदस्य मध्ये ८३६ जनाले मतदान गरेका थिए। प्रदेशका १० जिल्लामध्ये शुक्रबार मध्यरातमसम्म ९ जिल्लाको मतपरिणामअनुसार कृष्णले ४३५ मत प्राप्त गर्नुभएको छ भने शिवले ३२६ मत प्राप्त गर्नुभएको छ। सिन्धुली जिल्लाको भने अन्तिम मत परिणाम प्राप्त हुन नसकेको निर्वाचन समितिका सदस्य भानुभक्त आचार्यले जानकारी दिनुभयो। सिन्धुलीमा ८४ जना मतदातामध्ये ७५ मत खसेको थियो। ९ वटा जिल्लाको नतिजाअनुसार कृष्ण १०९ मतले अगाडि रहनुभएको छ।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा मकवानपुरको अध्यक्षमा बालकृष्ण अधिकारी निर्वाचित हुनुभएको हो। शुक्रबार सम्पन्न निर्वाचनमा अधिकारीले ४५ मत प्राप्त गर्दै विजयी हुनुभएको हो। उहाँको निकटतम् प्रतिद्वन्द्वी अञ्जली थापाले ३६ मत प्राप्त गर्नुभयो। अर्का उम्मेद्वार पोष्टराज अधिकारीले २० मत प्राप्त गर्दा अध्यक्षका अर्का आकांक्षी सुरेश श्रेष्ठले ३ मत मात्रै प्राप्त गर्नुभयो। महासंघको उपाध्यक्षमा ५५ मत प्राप्त गर्दै ध्रुव अधिकारी निर्वाचित हुनुभएको छ भने गणेश अधिकारी ४९ मतसहित पराजित हुनुभयो। महिला उपाध्यक्षतर्फ भावना रिजाल ५५ मतसहित निर्वाचित हुँदा अर्की आकांक्षी प्रतिक्षा न्यौपाने ४४ मत प्राप्त गर्दै पराजित हुनुभयो।

महासंघको सचिवमा केशव सुवेदी निर्वाचित हुनुभएको छ। इन्द्रप्रसाद बञ्जारालाई हराउँदै केशव सुवेदी महासंघका सचिवमा निर्वाचित हुनुभएको हो। सुवेदीले ७३ मत प्राप्त गर्दा बञ्जाराले ३३ मत मात्र प्राप्त गर्नुभयो। कोषाध्यक्षमा प्रदीप अधिकारी निर्वाचित हुनुभएको छ। अधिकारीले ५२ मत प्राप्त गर्दै विजयी हुनुहुँदा एमपी शर्माले ५१ मत प्राप्त गर्नुभयो। यस्तै सहसचिवमा शिव प्रसाद चौलागाईं निर्वाचित हुनुभएको छ। सहसचिवमा निर्वाचित चौलागाईले ६५ मत प्राप्त गर्दा अर्का आकांक्षी विश्वराम अधिकारीले ३९ मत मात्र प्राप्त गर्नुभयो। समावेशी सहसचिवमा रुपा गुरुङलाई हराउँदै सन्नु रिजाल निर्वाचित हुनुभएको छ। रिजालले ५८ मत पाउँदा गुरुङले ४० मत मात्र प्राप्त गर्नुभयो। निर्वाचन कार्यक्रम अन्तर्गत कूल ११७ जना मध्ये १०७ जनाले मात्र मतदान गरेका थिए।

यस्तै महिला सदस्यमा स्मिता अर्जेल ४८ मत प्राप्त गर्दै निर्वाचित हुनुभयो। जनजाति सदस्यतर्फ सानुमाया गुरुङ ४९ मतसहित निर्वाचित हुनुभयो। खुला सदस्यमा सरोज पौडेल (६५ मत), रविन ढुंगाना (५९ मत), श्रीराम अर्जुन दहाल (५७ मत), श्यामलाल दुलाल (५३ मत), सुमन दाहाल (५२ मत), अनिल पराजुली (५१) र कृष्णा विष्ट (५० मत) विजयी हुनुभएको छ।

# श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञका ११ लाख रुपैयाँको दान प्राप्त

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा-१८, हर्नामाडीस्थित वैदिक वानप्रस्थ आश्रम मकवानपुरको आयोजनामा संचालन भइरहेको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञको लागि सहयोग प्राप्त भएको छ। गुरुकुलको भौतिक पूर्वाधार विकास एव्म अक्षयकोष स्थापन गर्ने उद्देश्यले आइतबारबाट वैदिक वनप्रस्थ आश्रमले आयोजना गरेको श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञका लागि करिब ११ लाख रुपैयाँ भन्दा बढीको दान रकम प्राप्त भएको हो। महायज्ञमा आउने भक्तजनबाट १० हजार रुपैयाँ मुनिको सबै रकमलाई जोड्दा अक्षरेपी एघार लाख भन्दा माथि स्वेच्छिक दान रकम प्राप्त भइसकेको बताइएको छ। श्रीमत भागवद महापूराणको समापन कार्यक्रम पर्सी आइतबार हुनेछ। हेटौंडा उपमहानगर पालिकाकी नगर प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा तथा सीता विष्ट बानियाँको सभाध्यक्षमा सप्ताहको उद्घाटन भएको थियो।

श्रीमत भागवत महापुराणको पहिलो दिन आइतत्रबार पहिलो दिन शंकर परियारबाट शुरु ३ हजार ३ सय रुपैयाँको दान पक्रिया सुरु भएको थियो। दोस्रो दिन सोमबार ठूलोदमार निवासी भक्तलाल श्रेष्ठ एवं कोपिला श्रेष्ठ दम्पतिबाट रु २५ हजार १ सय २५ रुपैयाँ, मंगलबार वैष्णव युवा परिषद, मकवानपुर बाट १५ हजार १ सय २५ रुपैयाँ, युवराज थापा तथा बन्दना थापा दम्पति ठूलोदमारबाट ५१ हजार १ सय ११ रुपैयाँ, हेटौंडा-१७ का वडाध्यक्ष उद्धव सत्याल र नवराज न्यौपाने क्रमसबाट ११ हजार १ सय ११ रुपैयाँ, हेटौडा-१८, हर्नामाडी, भुलभुले निवासी जितेन्द्र नेपालका जेठी छोरी करुणा नेपालको स्मृतिमा रु.१ लाख ११ हजार १ सय ११ रुपैयाँ, बुधबार सिता विष्ट बानियाँ एवं अनिल कुमार बानियाँबाटरु.१ २५ हजार १ सय २५ रुपैयाँ, सरस्वती पण्डित तथा सुजन पण्डितबाट रु १० हजार १सय २५ रुपैयाँ, पञ्चकन्या सामुदायिक वन उपभोक्ता समूह, हेटौडा-१८, एक्लेखेतको तर्फबाट रु १ लाख ५१ हजार १ सय ११ रुपैयाँ, बिहिबिार, धर णीधर अधिकारीबाट ११ हजार रुपैयाँ,

श्री नवराज खतिवडा ११ हजार १ सय ११ रुपैयमाँ, श्री रत्नदेवी दुग्ध उत्पादन केन्द्र, हेटौंडा-१८, दोभानचौरबाट ५५ हजार ५ सय ५५ रुपैयाँ, काठमाडौंका गोविन्द टनटनबाट २ लाख रुपैयाँ प्राप्त भएको बताइएको छ।

# वडास्तरीय रनिङ शिल्ड फुटबल प्रतियोगिता, शुक्रबार ४ खेल सम्पन्न



**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा जारी वडास्तरीय रनिङ शिल्ड फुटबल प्रतियोगितामा ४ खेलहरु सम्पन्न भएको छ। शुक्रबार गाउँपालिका वडा-५,स्थित धादिङको मिनी रंगशालामा समूह चरणको ४ खेलहरु सम्पन्न भएको हो।

वडास्तरीय फुटबल प्रतियोगिताको पहिलो खेलमा गाउँपालिकाको वडा नम्बर-२ ले जीत निकालेको छ। गाउँपालिकाको ७ नम्बर वडालाई हराउँदै २ नम्बर वडाले जीत निकालेको हो।

यस्तै, दोस्रो खेलमा वडा-५ ए ले जीत निकालेको छ। वडा-५ बी लाई ६-० गोलको फराकिलो अन्तरले हराउँदै वडा-५ ए ले जीत निकालेको हो। यस्तै, तेस्रो खेलमा वडा-४ विजयी भएको छ। वडा-३ लाई ३-१ गोल अन्तरले हराउँदै ४ नम्बर वडाले जित निकालेको हो। यस्तै चौथो खेलमा वडा-६ ले जित निकालेको छ। वडा-८ लाई हराउँदै वडा-६ विजयी भएको हो।

मकवानपुरगढी गाउँपालिका खेलकुद विकास समिति आयोजनामा, गाउँपालिकोको मुख्य प्रयोजनमा तथा नवजागृत क्लब धादिङको समन्वयमा बिहीबारबाट सुरु भएको प्रतियोगितामा ७ वटाको सहभागिता रहेको छ। गाउँपालिकामा खेलाडीको उत्पादन गर्न, खेलको विकास गर्न र राष्ट्रिय खेलाडीको उत्पादन गर्नका लागि प्रतियोगिताको आयोजना गरेको छ। प्रतियोगिता लिगकम नकआउट प्रणालीमा सञ्चालन भइरहेको छ।

प्रतियोगिता अन्तर्गत सेमीफाइनल चरणको खेल पौष १ गते र फाइनल खेल २ गते हुने बताइएको छ।

प्रतियोगिताको उपाधि विजेता टिमले ८० हजार रुपैयाँ सहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५० हजार रुपैयाँ सहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ।

# हेटौंडा-६ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा

**समाज संवाददाता**

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर-६ लाई बालमैत्री वडा घोषणा गरिएको छ। बिहीबार एक कार्यक्रमकोबीच हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख मीना कुमारी लामाले वडा नम्बर-६ लाई निकृष्ट बाल विवाह मुक्त र बाल शोषण मक्त वडा घोषणा गर्नुभएको हो। बालबालिकामा लगानी, सुनिश्तिच भविष्यको थालनी भन्ने मूल नारालाई सार्थक बनाएर १० औं वडाको रुपमा बालमैत्री वडा घोषणा गरेको हो।

बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक ५१ वटा सूचकहरुको अभ्यास गरी ५१ वटा सुचकहरुमध्ये ४८ वटा सुचकहरु १०० प्रतिशत र बाँकी ४ वटामा आवश्यक न्युनतम प्रतिशत नतिजा हासिल गरेर बालमैत्री वडा घोषणा गर्न सफल भएको ६ वडाध्यक्ष विष्णु बहादुर दहालले जानकारी दिनुभएको छ। वडाध्यक्ष दहालले वडामा घरधुरी तथ्यांक संकलन २०७९ अनुसार १८ वर्ष मुनिका बालबालिकाको जनसंख्या २ हजार १ सय रहेको र १ हजार १ सय ३४ बालक र ९ सय सय ६४ बालिका रहेका छ बताउनभयो। वडामा बालबालिकाको जनसंख्यालाई आधार मान्दा ५३.८५ प्रतिशत बालक र ४६.१४ प्रतिशत बालिका रहेको उहाँले प्रष्ट पार्नुभयो।

समुदाय स्तरमा १९ वटा बाल समूहहरु र १ वडा बाल सञ्जाल रहेको उहाँले बताउनुभयो। उहाँका अनुसार ४ सय ७५ जना बालबालिकाहरु वडामा आवद्ध रहेका छन्।

वडामा बालअधिकार समिति, बालसमुहहरु, बालसमुह सन्जाल, टोलविकास सस्थाहरु, युवा क्लब, आमा समूह साथै विभिन्न सामुदायिक सस्थाहरु क्रीयाशिल छन्। यसाघि यस वडालाई पुर्ण खोप वडा, पुर्ण साक्षर वडा र खुल्ला दिसामुक्त वडा घोषणा भैसकेको उहाँले बताउनुभयो।

यसअघि हेटौंडा-८, ७,९,४,१७,२, १० र १५ ,११ र १९ नम्बर वडालाई बालमैत्री वडा घोषणा भैसकेका छन्। बालमैत्री वडा घोषणा कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँ, वडाध्यक्ष लगायतको उपस्थित रहेको थियो।

# राक्सिराङमा सुनार मृत फेला

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिका-५, इन्चराङमा एक जना पुरुष मृत फेला परेका छन्। शुक्रबार बिहान ६ बजेर १५ मिनेटको समयमा राक्सिराङ गाउँपालिका-८, शिखरपुर घर भई हाल बारा जिल्लाको जितपुर-सिमरा उपमहानगरपालिका-२२, अमलेखगंज बस्ने २१ वर्षीय समीर सुनार मृत फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

सुनार इन्चराङस्थित चैनपुरबाट काँकडा जाने भित्री सडक खण्डमा मृत अवस्थामा फेला परेका थिए। पुरुष मृत अवस्थामा रहेको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटिएर हेर्दा मृतकको टाउकोमा चोट, नाक मुखबाट रगत बगेको अस्थामा फेला परेका थिए। विशेष सुचनाको आधारमा घटनाबारे अनुसन्धान गर्दा बिहीबार सुनारको साथमा ३ जना रहेको खुलेको प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो। अनुसन्धानका लागि ३ जनालाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय मनहरीमा थप अनुसन्धान भइरहेको अर्यालले जानकारी दिनुभयो। सुनारको शव हेटौंडा अस्पतालमा रहेको छ।




# ट्रक र बोलेरो एक आपसमा ठोकिँदा एक जनाको मृत्यु

**समाज संवाददाता**

हेटौँडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२९, दासढुङ्गामा ट्रक र बोलेरो एक आपसमा ठोकिँदा बोलेरोमा सवार एक जनाको मृत्यु भएको छ। बिहीबार बेलुका ११ बजेर ४० मिनेटको समयमा नारायणघाट मुग्लिङ सडक खण्डमा पोखराबाट नवलपरासी तर्फ आउँदै गरेको बा प्र ०३-००१ ख २५२४ नम्बरको खालि ट्रक र चितवनबाट काठमाण्डौ तर्फ जाँदै गरेको बा प्र ०१-०३१ च ०११३ नम्बरको कुखुरा बोकेको बोलेरो एक आपसमा ठोकिएर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

दुर्घटनाममा बोलेरो चालक जिल्ला दोलखाका २६ वर्षीय राम तामाङ र बोलेरोमा सवार उदयपुरका ३६ वर्षीय भिम कटुवाल गम्भिर घाइते भएका थिए। घाइते दुवै जनालाई उपचारका नयाँ मेडिकल कलेज भरतपुरमा लगिएको थियो। बोलेरोमा सवार भिम कटुवालको उपचारको क्रममा शुक्रबार बिहान मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। ट्रक चालक रौतहटको चन्द्रपुर नगरपालिका-६, का २४ वर्षीय संतोष चौधरीलाई जिल्ला प्रहरी कार्यालय चितवनले नियन्त्रणमा लिएको छ।

# के पहिचान खोज्नु र प्रतिक्रियात्मक हुनु समान हो र कुमारीजी ?



**रमेश प्रभात**

**मैले कुमारी लामालाई चिनेको उनको कलमकै माध्यमबाट हो । उनको पहिलो निबन्धकृति 'उज्यालो अन्धकार'का निबन्धहरूको जादुले लठ्ठिएको हुँ पहिलो पटक । त्यसपछि सुरु भएको हो उनीसँगको भेटको शृङ्खला । मेरो र उनको मित्रता त्यति गाढा छैन र भनिहालेँ हामी अपरिचित पनि होइनौँ । म उनलाई स्रष्टाकै रुपमा हेर्न चाहन्छु र उनका रचनाहरूको आस्वादन गर्न चाहन्छु । मेरो ठम्याइमा उनी लेखनमा निकै क्रियाशील स्रष्टा हुन् ।**

**निसमालोचना**

### अलिकति पहिचानका कुरा

अनौठो छ विश्वसमुदाय । अनौठो छ नेपाली परिवेश पनि । यहाँ कहिल्यै रित्तिँदैन पहिचानको लडाइँ । जबसम्म समाजबाट हराँउदैनन् शोषण, दमन, अवहेलना र अघेल्याइँको रुप, तवसम्म कायमै रहन्छ विभेदको पर्खाल । समाजमा नयाँ नयाँ तरिकाले मौलाउँछ दलनको बिउ । खोज्नेहरु खोज्छन् पहिचानका कुरा । त्यसैले जन्मिन्छ प्रतिक्रियात्मक सोच ।

आजको नेपालमा त यस्तो अवस्था कायम छ भने पहिले पहिले के कस्तो अवस्था थियो कुन्नि ? वि.सं. २०५२-६२ को माओवादी जनयुद्ध र त्योसँगै चलेको २०६२-६३ को दोस्रो जनआन्दोलनको मूल प्राप्ति भनेकै पहिचानको मुद्दा हो । त्यसपछि हरेकको मुखबाट पहिचानको कुरा कुनै न कुनै रुपमा अभिव्यक्त भएकै छ । त्यो जाति, भाषा, धर्म, क्षेत्र, पेसा, लिङ्ग आदिका रूपमा अगाडि बढिरहेकै छ । हरेकले आफ्नो पहिचानका कुरा बोल्छन्, कतिले लेख्छन् भने कतिको कलम चल्दैन । जे जसरी भए पनि समाजमा त्यसको अस्तित्व कायम गराउन दत्तचित्त भएर लागेको अवस्था छ यतिबेला । यसको टड्कारो रूप कलाका क्षेत्रमा साहित्य र सामाजिक क्षेत्रमा राजनीतिमा देखिएको छ ।

### अलिकति तामाङ विषयका कुरा

म यतिबेला बाल्यकालदेखि सुन्दै आएको तामाङ सेलो गीत झलझली सम्झिरहेछु म । मैले सबैभन्दा पहिले सुनेको तामाङ भाषाको साहित्य नै तामाङ सेलो हो । कथाकार गुरूप्रसाद मैनालीको 'छिमेकी' कथामा भएको धनजिते तामाङको विषयवस्तुले मलाई तामाङ लवज अलिअलि सिकाएको हो । मेरो वरपर तामाङ त्यति थिएनन् भएका तामाङहरु पनि त्यस्तो लवजमा बोल्दैनथे । हो, अलिक बुझ्ने भएपछि महाकवि देवकोटाको 'म्हेन्दो' खण्डकाव्य होस् कि 'पहाडी जीवन' निबन्धमा नै किन नहोस् तामाङ संस्कृतिको कुरा राम्ररी उठाइएको कुरा पढेर हुर्केको पाठक हुँ म ।

मलाई लाग्छ, ग्रामीण भेगमा बस्ने तामाङहरु सरल स्वभावका भएका कारण शोषणमा परेका होलान् । नेपालमा शाहवंशीय शासनकाल होस् कि अझ त्यसैभित्रको १०४ वर्षीय राणाकाल होस् राजधानी नजिकै बस्ने भएर पनि तामाङहरु अत्यधिक शोषणको मारमा परेका थिए । यो कुरा यतिबेलाका नेपाली साहित्यमा चर्को रूपमा उठाइएको पाइन्छ । यसको साक्ष्यका रुपमा कवि राबत र राजु स्याङ्तानका कवितालाई लिन सकिन्छ ।

### अलिकति तामाङ स्रष्टाका कुरा

म चितवनको माटोमा हुर्केको स्रष्टा हुँ, मेरो हुर्काइ खुसीराम पाख्रिनका जनवादी गीतहरु सुनेर भएको हो । खुसीराम पाख्रिन राम्रो गायक र सङ्गीतकार मात्र थिएनन्, उनी अब्बल दर्जाका कवि पनि थिए । उनका गीतहरुले त्यसको पहिचान दिएका छन् । उनका गीत मुक्तिको मार्गमा अगाडि बढेका थिए, समस्त शोषित पीडितका स्वर बनेका थिए । उनको रचनामा तामाङको कुरा भन्दा पनि किनारीकृत नेपाली समुदायको आवाज पाइन्छ । यति भएर पनि उनी जातिगत हिसाबले तामाङ नै थिए ।

यतिबेला म तामाङ समुदायबाट आएका कविहरूको सम्झना गर्दै छु । यो सूची अनुसन्धानात्मक खालको भने होइन । म नेपाली कवितामा पारिजातलाई बिर्सन सक्तिनँ । नयाँ पुस्ताका रावतको 'राजधानी मास्तिरको राजधानी' र डोल्माको किरा परेको जाँडले बेस्सरी हल्लाएको सम्झन्छु । म त्यही सूचीमा लामबद्ध देख्छु कविहरू राजु स्याङ्तान, फूलमान बल र यश लामाहरू । यो सूची निकै लामो होला, म त्यति लम्ब्याउन भने चाहन्नँ, किनकि म पनि त 'चुजी' छु नि ?

पाठकवृन्द, यहाँ भन्नुहोला किन कवि मात्र सम्झेको ? हो, म आख्यान पनि सम्झन चाहन्छु पारिजातकै सेरोफेरोबाट । त्यही पङ्क्तिमा उभिन आइपुगेका छन् भक्त स्याङतान, भानु बोखिम र हिरा लामाहरू पनि । उनीहरु क्रियाशील छन् आख्यानमा नयाँ पन भर्न । त्यस्तै निबन्धका क्षेत्रमा भने पारिजात पछि प्रस्ट चिनिने नाम कुमारी लामा मात्र किन हो ? कि मेरो अल्प अध्ययनले अन्य लेखक फेला नपारेको हो ?

### अरू अलिकति कुमारी लामाका कुरा

पाठकवृन्द, स्रष्टालाई चिन्नु र उसको साहित्य पढ्नु कत्तिको अन्तर्सम्बन्धित कुरा हो ? के लेखक नचिनी साहित्य पढिँदैन ? यी प्रश्नहरु मेरो दिमागमा खेलिरहन्छन् । म त साहित्यशास्त्र पढाउने शिक्षक पनि भएको नाताले समाजपरक समालोचनामा लेखकलाई चिन्नु जरुरी हुन्छ भनिन्छ । ऊ कस्तो जीवन बाँच्छ ? कस्तो विचार बोक्छ ? आदिले उसको लेखनलाई प्रभावित पार्छ भन्ने गरिन्थ्यो, समाजपरक समालोचना प्रणालीमा । अचेल यो परिपाटी लगभग 'आउटडेटेड' जस्तो भइसकेको छ ।

मैले कुमारी लामालाई चिनेको उनको कलमकै माध्यमबाट हो । उनको पहिलो निबन्धकृति 'उज्यालो अन्धकार'का निबन्धहरूको जादुले लठ्ठिएको हुँ पहिलो पटक । त्यसपछि सुरु भएको हो उनीसँगको भेटको शृङ्खला । मेरो र उनको मित्रता त्यति गाढा छैन र भनिहालेँ हामी अपरिचित पनि होइनौँ । म उनलाई स्रष्टाकै रुपमा हेर्न चाहन्छु र उनका रचनाहरूको आस्वादन गर्न चाहन्छु । मेरो ठम्याइमा उनी लेखनमा निकै क्रियाशील स्रष्टा हुन् । त्यस्तै उनी अनुसन्धानमा निकै दत्तचित्तले लागिपरेकी छिन् । अनुसन्धानका अतिरिक्त उनी नेपाली निबन्धका क्षेत्रमा निकै अब्बल बनेर छाइरहेकी छिन् ।

उनका निबन्धमा निबन्धको कोलाज पाइन्छ । उनी एउटै निबन्धभित्र संस्मरण, नियात्रा, व्यक्तिचित्र, वैचारिक निबन्धजस्ता निबन्धका स्वादहरु पस्किन खप्पिस छिन् । उनका 'उज्यालो अन्धकार' र 'दर्ज्यु संलाप' जस्ता दुई निबन्धकृति त्यसका साक्ष्य हुन् । विचारको डोरीलाई कलाको रङ पोतेर सुन्दर बनाउनु उनको नैबन्धिक प्राप्ति हो । उनी अरुले भनेको जस्तो तरिकाले नभनेर नयाँ तरिकाले प्रस्तुत गर्छिन् । उनको नियात्रा पनि सरलरेखामा नबगेर वक्ररेखामा बगेको हुन्छ । उनी आख्यानमा प्रयोग हुने वृत्ताकारीय शैली निबन्धमा पनि उपयोग गर्छिन् । यसर्थ उनका निबन्ध अरुका निबन्धभन्दा पृथक् छन् ।

### कुमारी लामाको फेरिएको अवतारका कुरा

पाठकवृन्द, म यहाँ कुमारी लामाको अनुहार फेरिएको सन्दर्भ उठाउँदै छु । मान्छेको अनुहार त्यति सजिलै कहाँ फेरिन्छ र ? तर पनि समय र परिस्थितिले जरुर फेर्छ मान्छेको अनुहार । यहाँले कुमारीका 'उज्यालो अन्धकार' र 'दर्ज्यु संलाप' जस्ता दुई निबन्धकृति पढ्नुभएकै होला हैन र ? भन्नुस् त यहाँले ती दुई निबन्धकृतिमा केही फरक पाउनुभयो ? कि पाउनुभएन ? पाउनुभएको भए मलाई मेसेन्जरको इनबक्समा लेख्नुहोला । यदि पाउनुभएन भने मेरो कुरा सुन्नुस् है त !

माथि नै मैले सन्दर्भ उठाइसकेँ, कुमारी लामा कलात्मक निबन्ध लेख्ने निबन्धकार हुन् । उनको निबन्धमा खोक्रो कला मात्र हुँदैन, त्यसमा समाज हुन्छ, जीवन र जगत् हुन्छ । उनको पहिलो निबन्धकृतिमा सार्वभौम जीवनका कुराहरु आएका छन् । ती विषय संसारका जुनसुकै मानवका हितमा छन्, तर उनको पछिल्लो कृति भने विशेषतः तामाङका वरिपरि घुमेका छन् । अझ त्यसमा पनि तामाङ महिलाले भोगेका यावत् दमनका कुराहरुको पहाड घुमिरहेको देखिन्छ । यसरी हेर्दा उनको 'एक्टिभिस्ट' चरित्रको प्रतिरूप बनेर आएको छ यो । यसरी विचार फेरिनु भनेको उनको रुप फेरिनु हैन त पाठकगण ?

### अलिकति "दर्ज्यु संलाप"का कुरा

आजका मितिसम्म म कुनै पनि लेखकको 'डाइहार्ट फ्यान' होइन । हो, भेटेसम्म र समय मिलेसम्म पढ्नु मेरो सोखको विषयचाहिँ पक्का हो । यही क्रममा कुमारी लामाको 'उज्यालो अन्धकार' पढेको हुँ । पठनको यही सिलसिलामा उनको 'दर्ज्यु संलाप' पनि जोडिन आइपुगेको छ । निरन्तर लेख्ने लेखकलाई पढ्न नभ्याइने रहेछ । अन्तराल बनाएर लेख्नेलाई भने पढ्न सकिँदो रहेछ भन्ने कुरा मे हकमा कुमारी लामाका निबन्धहरु पर्छन् । कूल २१० पृष्ठको आयाम बोकेको उनको 'दर्ज्यु संलाप'का सत्रवटै निबन्धहरु सर्सर्ती पढेँ । यो पठनका उपलब्धि यी हुन् :

*-यी निबन्धहरुमा विचारको विविधता छ ।*
*-यी निबन्धहरूमा समयको स्वर मुखरित भएको छ ।*
*-यी निबन्धहरुमा पहिचानको स्वर तीव्र छ ।*
*-यी निबन्धहरूमा दलनका विविध रुपहरु आएका छन् ।*
*-यी निबन्धहरूमा महिलालाई केन्द्रमा राखिएको छ ।*
*-यी निबन्धहरूमा अतीतमोह छ ।*
*-यी निबन्धहरुमा नियात्राको फरक स्वाद छ ।*
*-यी निबन्धहरूमा काठमाडौँलाई पृथक् तरिकाले उतारिएको छ ।*
*-यी निबन्धहरूमा आफूभन्दा पाका लेखकप्रति सम्मानभाव छ ।*
*-यी निबन्धहरूमा नेपालको भूगोल, प्रकृति र संस्कृतिको चित्रण छ ।*
*-यी निबन्धहरूमा जीवनका अप्ठ्यारा र बिल्ल्याँटाहरु आएको छ ।*
*-यी निबन्धहरूमा विद्रोहात्मकता पाइन्छ ।*

मैले यहाँ 'दर्ज्यु संलाप'का केही विशेषताहरु टिप्ने कोसिस गरेँ । पाठकवृन्द, यहाँलाई पनि यस्तै लाग्नुपर्छ भन्ने मेरो कत्ति पनि जिकिर छैन । यही त पाठकीय स्वतन्त्रता हो । यस कृतिमा मैले सबैभन्दा बढी भेटेको भनेको पहिचानको स्वर हो । लेखक आफू पनि तामाङ भएको र त्यसमा पनि महिला भएको कुरालाई केन्द्रमा राखेर त्यही कुरालाई यसभित्र फरक फरक निबन्धमा फरक फरक तरिकाले उतारेको पाएँ मैले । हेरौँ केही साक्ष्य :

**साक्ष्य १ :**

पुरानो घरको चुहिने टायल फेर्ने सपना गुन्दा गुन्दै भुइँचालोले गर्ल्यामगुर्लम पारिदिएको थियो, उनका रहरहरु । सपनाहरु टुट्छन्, फुट्छन् । तर फेरि पनि मुन्टो उठाइजान्छ हामीभित्र । सपनाले टाउको उठाएपछि कहाँ दिन्छ र कसैलाई चैनले निदाउन र नानदिदी पनि पटक्कै निदाउन सकिनन् । दमले अँचेट्दाको लामो सकसपूर्ण रात अनि सधैँको बाख्राकुखुराको साराकसुरुकको साथ ।

-'भुइँकुहिरो र कान्छी तामाङको एक्लो यात्रा', पृष्ठ २०६)

**साक्ष्य २ :**

मनले माया खोज्छ, शरीरले स्याहार आहार । तर उनले त पाएकी छन् माया, न त आहारविहार । प्राणसम्म धान्नलाई आफन्तले रसद दिन्छन् । नुनपानी उमाली खाँदा पनि अडिन्छ नि श्वास त तैबरु । उनले नुनपानी मात्रै उमाली खानु नपरेको न हो । त्यसको कोटा पनि घरीघरी पुऱ्याउनुपर्छ उनले । हात थापी खानुपर्नेलाई दिनेको मन बिग्रेको दिन ढिलोचाँडो हुँदा नुनपानीको जोहो पनि त हुनै पऱ्यो ।

**("घराख्यान", पृष्ठ ३२(३३)**

माथिको पहिलो साक्ष्यमा नानदिदीको सङ्घर्ष मात्र होइन, पीडा र व्यथा पनि आएको छ । त्यसका लागि उमेर, प्रकृति र दैविक विपत्तिले पनि सताएको कुरा देखाइएको छ । त्यस्तै दोस्रो साक्ष्यमा सेती दिदीको दुःखलाई चित्रण गरिएको छ । यी दुवै तामाङ महिला हुन् । त्यति मात्र नभएर यी दुवै अविवाहित भएर पनि प्रौढ अवस्थामा पुगेका महिला हुन् । यस्ता प्रसङ्ग यो कृतिमा अन्यत्र पनि छन् । यति भएर पनि यसमा लेखक आफू पनि छिन् र छ उनको समाज । यसर्थ यो कृति बहुलतालाई स्वीकारेको कृति बनेको छ ।


### अन्त्यमा प्रतिक्रियात्मक हुनु र पहिचान खोज्नुका भिन्नताका कुरा

पहिचानका बारेमा तपाई के ठान्नुहुन्छ ? म चाहिँ पहिचानलाई मानवजीवनको कारक तत्व सम्झन्छु । मेरो विचारमा आजसम्म मान्छेले गरेको समग्र प्रगति भनेको पहिचानको लडाइँ हो । ऊ आफूलाई समाजमा पृथक् रुपमा चिनाउन चाहन्छ, यही चाहनाले हो मानवजीवनमा प्रगति हुने । जब मान्छेले पहिचान खोज्न बिर्सन्छ र यथास्थितिमा रमाउँछ, तब उसले केही पनि गर्न सक्दैन । त्यसैले पहिचान खोज्नु राम्रो कुरा हो । तर यसरी पहिचान खोज्दा अरुको अस्तित्वलाई निषेध गरेर अगाडि बढियो भने त्यसले अनावश्यक द्वन्द्व निम्त्याउँछ भन्ने ठान्छु म ।

प्रतिक्रियात्मक हुनु भनेको चाहिँ कुनै पनि कुरामा आफ्नो फरक सोच राख्नु हो । यसले मानिसको दिमागलाई क्रियाशील बनाउँछ । तर हरेक कुरामा प्रतिक्रियात्मक हुँदा व्यक्तिलाई असामाजिक बनाउन सक्छ । ऊ आफूलाई अरुभन्दा फरक देखाउने चाहनामा सही कुरालाई पनि गलत प्रमाणित गर्न लागिपर्न सक्छ । यसले व्यक्ति र समाज दुबैलाई फाइदा गर्दैन भन्ने ठहर हो मेरो । कुमारी लामाका निबन्धहरू पहिचानका मुद्दामा सबल छन् । प्रतिक्रियात्मक कति छन् ? त्यसको निर्क्योल गर्ने जम्मा तपाई पाठकगणलाई दिएँ है त । भबतु सब्ब मङ्गलम् ।

*भरतपुर, चितवन*

# मेरो यात्रा



**रुप्सना चौलागाईं**

'स्नेहा कति मोबाइल चलाएकी तिमीलाई गृहकार्य गर्नु पर्दैन ! आमाले रिसाउँदै स्नेहालाई भन्नु भयो ।

स्नेहाले जवाफ दिइन् 'गर्छु नि आमा किन रिसाउनु भएको ?'

आमाले फेरि भन्नुभयो 'तिम्रो बानी देखेर म दङ्ग पर्छु । पहिला पहिला प्रथम हुने मान्छे अहिले टप टेनमा पनि पर्दिनौँ ।'

'आमा सधैँ मान्छे एउटै कहाँ हुन्छ र ।'

वास्तवमा स्नेहालाई मोबाइलको लत लागेको थियो । त्यसैले उसले गृहकार्य कहिल्यै गर्दिनन् । उनी कक्षा ४ मा पढ्थिन् । उनी हेटौंडामा बस्थिन् । सधैँ स्नेहाले मोबाइल मात्र चलाउने भएकाले स्नेहाको आँखा दुख्न थाल्यो । आमाले भन्नु भयो, '(महारानी) ज्यूले गृहकार्य गर्नु भयो ?'

स्नेहाले 'बेलुका गर्नुपर्छ नि !' भनी । आमालाई अब धेरै चिन्ता हुन थाल्यो । आमाले स्नेहालाई डरलाग्दो मोबाइलको कथा सुनाउनुभयो तर पनि स्नेहालाई डर लागेन । 'आमा ! मलाई यस्तो बच्चा जस्तो कथा नसुनाउनु म ठूली भइसकेकी छु ।'

'तिमी ठूली मात्र होइन लाटी र बाठी भइसकेकी छौँ' आमाले भन्नुभयो ।

एकदिन स्नेहाले मोबाइल चलाउँदा चलाउँदै उसलाई याद आयो कि उसको भालिदेखि परीक्षा थियो तर त्यो परीक्षामा फेल भएँ भने त्यो विद्यालयमा पढ्न पाइँदैन भनेर सोची मात्र । त्यही पनि स्नेहाले मोबाइल मात्र चलाइन् । स्नेहाले आमालाई भनी 'आमा मलाई स्कूल जान नै मन लागेको छैन ।'

स्नेहाको कुरा सुनेर आमाले 'भोलिबाट परीक्षा छ विद्यालय नआएर हुन्छ त ?' भन्नुभयो । परीक्षाको तयारी नगरेकोले स्नेहालाई स्कूल जान मन लागेको थिएन । उसलाई खाली मोबाइल चलाउन मात्र मन लाग्थ्यो ।

स्नेहा मन नलागी नलागी विद्यालय गइन् । विद्यालयमा ऊ शान्त भएर बसिरहेकी थिइन् । स्नेहा शान्त भएको कारणले शिक्षकले 'के भयो भनेर सोध्नुभयो ?' शिक्षकले भनेको कुरा सुनरे स्नोहाले 'केही भएको छैन भनिन ।' त्यो देखेर शिक्षकले मनैमनमा भन्नुभयो । स्नेहा यस्तो बच्चा होइन पहिला यस्तो फिटिक्कै थिइन् ।

त्यसो सोचेर शिक्षकले मोबाइलको प्रयोगले हुने फाइदा र बेफाइदा सम्बन्धी भिडियो देखाउनु र बुझाउनु भयो । स्नेहाले आफ्नो शिक्षकलाई धन्यवाद दिइन् र घर गइन् । घर जाने बित्तिकै आमाले आज स्कूलमा के के भयो भन्नै नपाई परीक्षाका लागि पढ्न लागिन् । अर्को दिन स्नेहा चाँडै उठेर विद्यालय गइन् । उनी अलि डराइन् । उनी परीक्षाको कोठामा गइन् उनले राम्रो गरी परीक्षा दिइन् । केही दिनपछि स्कूलमा उसको परीक्षाको रिजल्ट आयो । उनी प्रथम भइन् । त्यो देखेर आमा बुबा खुसी हुनुभयो । अनि स्कूलको शिक्षक पनि खुसी हुनुभयो ।

*कक्षा-४, नवोदय शिशु सदन, हेटौँडा-४*

## गाउँखाने कथा

१. वल्ला घरको नरे, पल्ला घर सरे ।
- आग्लो


२. वारी दिदी पारी बहिनी, भेट गरौँ भन्दा कहिल्यै नहुने ।
- आँखा

३. सानो टुकी धिपधिप गर्छ, थोप्ला थोप्ली मोती झार्छ ।
- आँखा र आँशुका थोपा

४. उड्छ भुवा होइन, बोल्छ चील होइन ।
- हवाइजहाज

५. उज्यालोमा भन्दा पनि अँध्यारोमा राम्री, दामीनामी उत्ति छन् रत्न हुन हाम्री ।
- हीरा

## चित्रकला





**सोनम तामाङ**
**कक्षा-१०, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय, हेटौडा-४**

# मेरो विद्यालय



रश्मि घिमिरे

विद्यालय भित्र धेरै फूल फूलेका छन्
ती फूलले हामीलाई सधैं हाँस्न सिकाउँछन्

विद्यालय भित्र हुन्छ ज्ञानको भकारी
पढी, लेखी शिक्षा दिन्छ उपकारी ।

देख्दा भवन सफा, शान्त र सुन्दर
विद्यालय जस्तो पाठशाला जीवनमा कुन छ र ?

सयौं जाति, भाषा, धर्म शिक्षा सीप सिकाइने
मनभित्र लुकेका प्रश्नहरु झिकाउने ।

विद्यालय मेरा लागि शिक्षाको घर
यति राम्रो शिक्षा दिने हाम्रा लागि के छ र ?

*कक्षा-५, कमला आधारभूत विद्यालय, हेटौंडा-१८*

# शिक्षक



विपना रोकाया

सानैदेखि पढ्दै माफी क, ख, ग, अ, आ रे
फकाई फकाई पढाउनुहुन्छ गुरुआमाले
कहिलेकाहीँ भन्नुहुन्छ नगर न हल्ला
ऊ आँगनमा हेर कुखुराका चल्ला

हामीहरू देखाइदिन्छौं राम्रा राम्रा बाटा
तिमीहरु बन्नुपर्छ हामीभन्दा बाठा
गुरुआमाले भन्नुहुन्छ सधैं सधैं यस्ता
म पनि पढाइमा छु सधैं व्यस्त

हेटौंडामा घुम्ने ठाउँ छ. मकवानपुरगढी
हल्ला नगरी बसी साथी अघि बढ्छौ पढी !!

*कक्षा-२, ज्ञानदा मावि, हेटौंडा-१०*

# मुक्तक



सुरज बोलखे

मस्किँदै आयौ Hi त भन्नै पर्‍यो नि ।
जान्छु भन्यौ Bye त भन्नै पर्‍यो नि ॥
हाँस्छौ, रिसाउँछौ, छिनछिन मै किन हो ?
पत्तो लाउन Why त भन्नै पर्‍यो नि ॥

*हेटौंडा क्याम्पस*

# मुक्तक



नवीन राउत

तिहारको बत्ती जस्तै झिलमिल होस् सबैको मन,
लक्ष्मी माता दाहिना होउन् टिलपिल होस् सबैको धन,,
दिपावलीको यही नै छ हार्दिक शुभकामना मेरो, ,
सुख शान्ति स्वस्थ अनि उर्जाशील होस् सबैको जीवन ।

*हेटौंडा क्याम्पस कक्षा-१२*

# अक्षरको शक्ति



लक्ष्मी रिजाल

गाउँको विद्यालय भवनमा ठूलो भीड थियो । पुरस्कार थाप्न विद्यार्थीहरू लाइनमा उभिएका थिए । भीडबाट एकजनाले फुसफुसाउँदै भने, "पुनमले पुरस्कार त पक्कै जित्छिन् । उनी बाठी छन् तर किन त्यस्तो च्यातिएको कपडा लगाएर आएकी ?"

पुनमको नाम घोषणा भयो । सबैले ताली पिटे । उनी मञ्चमा गइन् । मञ्चमा पुगेपछि प्रमुख अतिथिले भने, "तिमीले यत्रो राम्रो निबन्ध लेख्यौ । तर किन र ाम्रा कपडा लगाइनौ ?"

पुनम केहीबेर चूप लागिन् । उपस्थित सबैको ध्यान उनलाई हेर्नेतिर थियो । उनी मुस्कुराइन् र भनिन्, "सर, मेरो कथा नै यी कपडाहरूले बोलेका छन् ।"

त्यो वाक्यले मञ्चमा सन्नाटा छायो । प्रमुख अतिथिले फेरि सोधे, "के तिमी स्पष्ट बोल्न सक्छ्यौ ?"

पुनमले हल्का स्वरमा भनिन्, "म दिनभर घरको काम गरिरहेकी हुन्छु । किताब किन्ने पैसा नभएर पुर ाना पत्रिकाबाट अक्षर कापीमा उतार्छु । यी च्यातिएका कपडाहरू मेरो सैर्षका साक्षी हुन् । जसले मलाई अक्षर मा जीवन खोज्न सिकायो । म यो पुरस्कार कपडाका लागि होइन, अक्षरका लागि थाप्न आएकी हुँ ।"

त्यस दिन सबैले बुझे- शिक्षा अक्षरबाट शुरू हुन्छ, रहरबाट होइन । *(स्रोत: साहित्यपोष्ट)*

# जो जसरी बाँचोस



दधि कँडेल

चाहे महलको या झुपडीको बास होस्
लाग्दैन कोही कसैको दास होस्
जीवन-यात्रा कुनबेला कहाँ रोकिने हो थाहा छैन
चाहे जतिसुकै अकूत सम्पत्तिको रास होस्

चाहे हातमुख जोर्न दिनरात दुःख पाएको होस्
चाहे मोटापा घटाउन डाइटिङ र जिम धाएको होस्
बाध्यता या रहर आ-आफ्नै होलान् जिउने
लाग्दैन कोही कसैसँग हेपिएर बस्न चाहेको होस्

चाहे जिन्दगी सुखसयलमा खुशीले जिएर नाचोस्
चाहे जिन्दगी दुःख पीरमा आँशु पिएर बाँचोस्
आफ्नै परिश्रममा गर्वले जिउने आँट छ भने
कोही किन कसैको दयाको भिख लिएर बाँचोस्

चाहे कोही शानले शिर ठाडो पारेर बाँचोस्
चाहे कोही लज्जाबोधले शिर निहुरी पारेर बाँचोस्
आ-आफ्नै हैसियत र परिवेशमा बाँच्ने स्वतन्त्रता छ भने
कोही किन कसैको नक्कल सारेर बाँचोस्

चाहे कोही भावनाको भेलमा तैरिएर बाँचोस्
चाहे कोही आशक्तिको बेहोसीबाट बौरिएर बाँचोस्
बगलीमा धारिलो छुरा लुकाएको देख्दादेख्दै
कोही किन कसैसँग लस्सिँदै रौसिएर नाचोस्

चाहे कोही इगोले थिचिएर बाँचोस्
चाहे कोही बिगोको बोझले किचिएर बाँचोस्
चिरस्थाई भन्ने केही पनि छैन भन्ने जान्दाजान्दै
कोही किन लोभ र ईर्ष्याले पिल्सिएर बाँचोस् ।

*(स्रोत: साहित्यपोष्ट)*

# साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी

सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: अध्ययन–अध्यापनका क्षेत्रमा राम्रो काम गर्ने समय योग रहेको छ । ज्ञान र बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुने समय छ । बोलीका कारण काममा पूर्णता होला । स्वास्थ्य सबल रहनुका साथै कामको चाप बढ्ने समय छ । व्यापार–व्यवसाय मध्यमकारक छ । भोग विलास र रमझमप्रति आकर्षित भइने समय योग देखिन्छ । धार्मिक यात्रामा सरिक ।

**वृष राशि**: निर्णयात्मक काममा केन्द्रित नभइने समय छ । पारिवारीक इच्छा विपरीत काम नगर्दा राम्रो रहन्छ । व्यापार–व्यवसायमा हाँके ताँकेका काममा लागि परिएला । नोकरीमा व्यस्ततामा समय व्यतित होला । स–साना वादविवादले काममा बाधा होला । अध्ययन–अध्यापनमा अरुको सहयोग लिँदा राम्रो रहन्छ । इमान्दार, जिम्मेवार र समयनिष्ठ हुनुपर्ने समय योग रहेको छ ।

**मिथुन राशि**: पराक्रम र उत्साहमा वृद्धि हुने समय छ । सहयोगीहरुले साथ दिने छन् । काममा सोचे जस्तै सफलता प्राप्त हुने छ । मिहिनेत र परिश्रमले काममा सफलता । जिम्मेवारी थपिनाले कामको बोझ बढ्ला । धार्मिक तथा सामाजिक काममा सरिक भइने छ । आध्यात्मिक मनोभावको विकास होला । व्यापार–व्यवसाय मध्यमकारक छ ।

**कर्कट राशि**: समय धर्नाजनकारक बनेको छ । योजनाहरु गोप्य राख्दा राम्रो होला । मान–सम्मान बढ्ने समय योग रहेको छ । तर्क र विवादमा विजय प्राप्त हुने समय छ । इष्टमित्रसँग आत्मियता बढ्ला । व्यवसायमा अठोट र निर्णय सफल होला । धार्मिक र परोपकारजन्य काममा सरिक भइने समय योग रहेको छ ।

**सिंह राशि**: समस्या र चुनौती देखेर पछि नहट्दा राम्रो रहन्छ । मानसिक संवेग, रिस र आवेगमा समेत वृद्धि हुने देखिन्छ । संयमतामा साथ अगाडि बढ्दा राम्रो । नयाँ र नौलो आयाम थपिएला । इच्छा शक्ति बढ्ने समय योग छ । सामाजिक एवम् आध्यात्मिक कामबाट लाभ प्राप्त हुने समय योग रहेको छ ।

**कन्या राशि**: अवसर प्राप्तिका लागि दौडधूप र परिश्रम गर्नुपर्ने समय छ । भावनालाई नियन्त्रणमा राखी काम गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसायमा आफैँ खटेको राम्रो होला । महत्वकांक्षा बढ्नाले काममा बाधा होला । निर्णय क्षमतामा समेत कमी आउँला । पढाई–लेखाई मध्यमकारक रहने समय छ ।

**तुला राशि**: जिम्मेवारी थपिने समय योग छ । कर्मचारीले बढुवा र पुरस्कार प्राप्त गर्ने समय योग छ । सोच र बुद्धिको उपयोग गर्ने समय छ । बौद्धिक र प्राविधिक क्षमताको विकास होला । नयाँ कार्य वा रोजगारीको विकास होला । आध्यात्मिक र परोपकारजन्य अनि सामाजिक काममा अलमल होला । पढाई–लेखाई ठिकै देखिन्छ ।

**वृश्चिक राशि**: काम र कर्तव्यप्रति दिलचस्पी जाग्ने छ । प्रतिष्ठामा वृद्धि हुने समय छ । व्यापार–व्यवसायबाट लाभ प्राप्त होला । स्वास्थ्यस्थितीमा केही समस्या आइपर्ला । सेवा श्रुसामा समय व्यतित होला । धार्मिक र सामाजिक काममा मन जाला । अध्ययन–अध्यापनबाट लाभ प्राप्त होला । ठूलाबडाको इच्छा बुझ्ने समय छ ।


**धनु राशि**: नियम र अनुशासनलाई पालना गर्दा राम्रो रहन्छ । धार्मिक र दार्शनिक विषयमा मनको आकर्षण बढ्ने समय योग छ । परामर्श दिने पेशामा भए जस पाइएला । लक्ष्यप्राप्तिको मार्गमा सफल भइने समय छ । कामधन्धा तनावको विषय बन्न सक्ने छ । पढाई–लेखाईका कामहरु मध्यमकारक रहने समयको योग रहेको देखिन्छ ।

**मकर राशि**: परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ बढ्न सक्छ । लगानी र दौडधूपको समय योग रहेको छ । नयाँ लगानीको लागि उपयुक्त दिन छैन । रिस्क र जोखिमसँग टाढा रहँदा राम्रो रहन्छ । पौष्टिक आहारमा ध्यान दिँदा राम्रो रहन्छ । पढाई–लेखाइ र आध्यात्मिक क्षेत्रका काममा समय बित्ला ।

**कुम्भ राशि**: रोमाञ्चकता र उत्कण्ठालेयुक्त समय छ । विगतका रमाइला पलहरुको याद आउने छ । काममा भावुक र संवेदनशील बनिएला । बिचार पुर्‍याएर मात्रै बोल्दा राम्रो होला । धार्मिक र सामाजिक काममा मन जाला । प्रेमिल भावनामा वृद्धि होला । आनन्द र मनोरञ्जनका काममा सरिक भइएला ।

**मीन राशि**: जीवनको वास्तविक लक्ष्य पहिल्याइएला । व्यापार–व्यवसायमा ठिकै देखिन्छ । साझेँदारीका कामहरु चित्त बुझ्दो नहुन सक्छ । मिहिनेतको प्रतिफल अरुले हत्याउने छन् । भावनाको कदरले मान–सम्मान पाइएला । धार्मिक तथा सामाजिक एवम् पढाई–लेखाइका काममा मन जाने समय योग छ ।

# चित्रकला





सुयोग श्रेष्ठ
कक्षा-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४





समृद्धि श्रेष्ठ
कक्षा-३, ब्रह्मदिक् एकेडेमी
हेटौंडा-४





दिपासना थापा
कक्षा-११, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट
हेटौंडा-४

## यु-१५ ८ ए साइट वडाध्यक्ष कप फुटबल

# शुक्रबार ५ खेलहरु सम्पन्न




समाज संवाददाता

हेटौंडा: हेटौंडामा जारी प्रथम संस्करणको यु-१५ ८ ए साइट वडाध्यक्ष कप खुला फुटबल प्रतियोगितामा ५ खेलहरु सम्पन्न भएको छ । शुक्रबार हेटौंडा-५, स्थित पिप्ले-क्याम्पा रंगशालामा प्रि क्वार्टरफाइनल चरणको ५ खेलहरु सम्पन्न भएको हो ।

पहिलो खेलमा रियल स्टार क्लब विजयी भएको छ। हेटौंडा-१७ हटियास्थित ज्ञान ज्योति क्लबलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै रियल स्टार क्लब विजयी भएको हो । खेलको निर्धारित समय गोल रहित बराबरीमा रोकिएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनु परेको थियो ।

यस्तै, दोस्रो खेलमा हेटौंडा-१५, स्थित न्यू डाँफे युथ क्लब विजयी भएको छ । वाता हेटौंडा क्लबलाई ३-० गोलको फराकिलो अन्तरले हराउँदै वार्ता हेटौंडा विजयी भएको हो ।

यस्तै, तेस्रो खेलमा देव नगर एफसी विजयी भएको छ। वीरगञ्ज एकेडेमीलाई टाइब्रेकरमा ५-४ गोलले हराउँदै देव नगर विजयी भएको हो । निर्धारित समय गोल रहित बराबरीमा रोकिएपछि नतीजाका लागि टाइब्रेकरको सहारा लिनु परेको थियो । टाइब्रेकरमा पनि ३/३ गोलको बराबरीमा रोकिएपछि नतीजाका सड्न डेथमा पुगेको थियो ।

यस्तै, चौंथो खेलमा गैरीबारी एकेडेमी विजयी भएको छ । पालुङको डाँडा वास एकेडेमीलाई ३-२ गोलले हराउँदै गैरीबारी विजयी भएको हो । यस्तै अन्ति खेलमा बालमीकि शिक्षा सदन विजयी भएको छ । हेटौंडाको कमाने एकेडेमीलाई २-० गोलले हराउँदै बालमीकि विजयी भएको हो ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ५ हजार ५ सय रुपैयाँ, उत्कृष्ट फरवार्ड, डिफेन्डर, मिडल्फिडर, गोलरक्षक र प्रशिक्षकलाई जनही ३ हजार ५ सय रुपैयाँको नगद पुरस्कार प्राप्त गर्नेछ । प्रतियोगिताको फाइनल खेल मंसीर २७ गते हुनेछ ।

# २७ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१७,स्थितहटियामा भएको रक्तदान कार्यक्रमा २७ जनाले रक्तदान गरेका छन् । हटिया बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७ औ वार्षिकोत्सवको अवसरमा शुक्रबार भएको रक्तदान कार्यक्रममा २७ जनाले रक्तदान गरेको हुन् ।

रक्तदान कार्यक्रममा ७ जना महिला र २० जना पुरुषले रक्तदान गरेका रक्तसंचार केन्द्रका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ । कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको प्राविधिक किशोर सापकोटाले बताउनुभयो । बागमती गाउँपालिका वडा-७ फापरबारी स्थित युवा रेडक्रस सर्कलले पुष ४ गते र पालुङ्गमा रहेको पालुङ्ग वहुउदेश्य सहकारी संस्थाले पुष ९ गते रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ। अहिले केन्द्रमा सबै ग्रुपको रगत रहेकोमा 'ए' पोजेटीभ रगतको अभाव रहेको सापकोटाले जानकारी दिनुभयो ।

# फेमकोल बोर्डिङमा चित्रकलाका विजेता पुरस्कृत

समाज संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१३, स्थित फेमकोल एकेडेमी सेकेन्डरी बोर्डिङ स्कूलले चित्रकला प्रतियोगितमा विजेता बन्ने विद्यार्थीहरुलाई पुरस्कृत गरेको छ । गत शुक्रबार भएको चित्रकला प्रतियोगितामा विजेता बन्न सफल सिनिय तथा जुनियर कक्षाका विद्यार्थीहरुलाई पुरस्कृति गरेको हो । बोर्डिङकी प्रिन्सिपल कविता मुडवारीको सभाध्यक्षमा पुरस्कार वितरण समारोह भएको थियो । कक्षा-१ देखि कक्षा-८ का विद्यार्थीहरु सहभागी पाउने व्यवस्था मिलाएर आयोजना गरेको चित्रकला प्रतियोगितामा करिब ३ सय ५० जनाको हाराहारीमा विद्यार्थीहरको सहभागी भएको बोर्डिङकी प्रशासन प्रमुख सुस्मा नकर्मीले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई स्कूलले चित्रकलाको कपी, कलर कलम लगायतका शैक्षिक सामाग्री प्रदान गरेको प्रशासन प्रमुख सुस्मा नकर्मीले बताउनुभयो । जुनियरबाट कक्षा-२ की लक्ष्मी खड्का प्रथम, कक्षा-३ की रेजिना मङ्गाती द्वितीय र कक्षा-१ की प्रमीशा घलान तृतीय भएकी छिन् । सिनियर समूहबाट कक्षा-४ की युजिना बल प्रथम, कक्षा-८ का निमेश वाइबा र कक्षा-६ का राहुत तितुङ तृतीय भएका छन् । पुरस्कार वितरण कार्यक्रममा अतिरिक्त क्रियाकलाप संयोजक निशान बलामी र चित्रकलाका शिक्षक सरोज श्रेष्ठ लगायत शिक्षकहरको उपस्थिति रहेको थियो ।

# राक्सिराङको एक घरमा आगलागी हुँदा ३ लाखको क्षती

समाज संवाददाता

हेटौंडा: मकवानपुरको राक्सिराङ गाउँपालिकाको एक घरमा आगलागी भएको छ । शुक्रबार अन्दाजी ९ बजेको समयमा राक्सिराङ गाउँपालिका वडा नम्बर-६, स्थित सिलाङगे बस्ने दुर्गा लाल प्रजाको माटो र ढुंगाले बनेको फुसको घरमा आगलागि भएको हो । घरमा खाना पकाउने क्रममा एक्कासी आगो सल्कन गई घर भित्र रहेको अन्नपात,

लत्ताकपडा भाडा वर्तन जली नष्ट भएपनि चौपाया क्षति नभएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

गाउँपालिकाको स्थानीय वासिन्दाहरुको आगो नियन्त्रणमा लिएको खबर प्राप्त हुन साग प्रहरी सहायक निरीक्षक भरत कुमार खड्काको कमाण्डमा खटिएको प्रहरी टोलीले अन्नपात लत्ता कपडा भाडावर्तन गरी ३ लाख रुपैयाँको क्षती भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# स्ववियु हेटौंडा क्याम्पसद्वारा कक्षा-११ र स्नातक तहका विद्यार्थीलाई स्वागत

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४, स्थित हेटौंडा क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) क्याम्पस कमिटिले कक्षा-११ र स्नातक तहमा प्रथम वर्षका विद्यार्थीका लागि स्वागत कार्यक्रमको आयोजना गरेको छ । शुक्रबार एक समारोहकाबीच स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)ले नयाँ भर्ना भएर आएका विद्यार्थीका लागि स्वागत कार्यक्रमको आयोजना गरेको हो । स्ववियु क्याम्पस कमिटीका सभापति अभि मैनालीको सभाध्यक्षमा तथा हेटौंडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आन्दराम पराजुलीको प्रमुख आतिथ्यमा स्वागत कार्यक्रमको उद्घाटन समारोह भएको थियो । स्ववियुले आयोजना गरेको अन्तर शंकाय क्रिकेट तथा फुटबल प्रतियोगितामा विजेताहरुलाई कार्यक्रम नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको छ । कार्यक्रमा पुरस्कार वितरण सहित संस्कृतिक नृत्य प्रस्तुती पनि गरिएको गरिएको थियो । विविधि सांस्कृतिक सहित आयोजना गरेको स्वागत कार्यक्रममा करिब क्याम्पसबाट ५ सय जनाको हाराहारीमा विद्यार्थी सहभागी भएका थिए ।

स्वागत कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सभापति मैनालीले शिक्षक सेवा आयोगले लिएको नि.मा.वि लाइसेन्समा नेपाको ९ प्रतिशत हुँदा हेटौंडा क्याम्पसले १०० प्रतिशत नतीजा हासिल गर्ने उत्कृष्ट क्याम्पस छनोट गरेको शुभकामना व्यक्त गर्नुभएको छ । विद्यार्थीको आवश्यकता र समस्यामा केन्द्रीत भएर स्ववियुले काम गर्ने सभापति मैनालीले विश्वास दिलाउनुभयो । सिफारिस, सोर्स र फोर्स चलनको अन्त्य गरेर नेता तथा कर्मचारीलाई उत्तरदायी बनाउन उहाँले अनुरोध गर्नुभयो । पारस खड्काले खेलाडीमा ल्याएको परिवर्तनको मूल्यांकन गरेर आफूपनि त्यस्तै बन्न आवश्क रहेको कुरालाई उहाँले औंल्याउनुभयो । नेपाल प्रिमियर लिगको कारणले नेपाल उच्च स्तरमा पुगेको जस्तै आफ्नो क्षेत्रमा पारस खड्का बन्ने दृष्टिकोणा राख्नुपर्ने उहाँले प्रष्ट पार्नुभयो ।

स्वागत कार्यक्रममा हेटौंडा क्याम्पस प्रमुख देवीराज लामा, सहायक क्याम्पस प्रमुख रामु कडेँल, बालकृष्ण शर्मा, पूर्व क्याम्पस प्रमुख देवचन्द्र मान्नधर, क्याम्पसका कर्मचारी, शिक्षक विद्यार्थीको उपस्थिति रहेको थियो ।

# मकवानपुरगढीमा कर्मचारीका लागि साक्षरता कार्यक्रम

समाज संवाददाता

हेटौंडा: मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा वित्तीय साक्षरता कार्यक्रम भएको छ । मकवानपुरगढी गाउँपालिकाका कर्मचारीहरुका लागि वित्तीय सारक्षता सम्बन्धी कार्यक्रम भएको छ । गाउँपालिकाका अध्यक्ष दोर्जे लामाको सभाध्यक्षमा साक्षरता कार्यक्रम भएको हो ।

कार्यक्रममा बैंकिङ्ग सुविधा र बदिल्दो बैंकिङ परिवेशमा अपाउनुपर्ने सचेतनाको विषयमा छलफल गरिएको छ । गाउँपालिकामा आवद्ध भएका ३० जना कर्मचारीहरुको सहभागिता रहेको थियो । गाउँपालिकाका शाखा प्रमुख अमृत ढकाल र बैंकिङ्ग ऋसर हेड लिला प्रसाद ओझाले कार्यक्रमलाई सहजिकरण गर्नुभएको थियो । बैंकिङ्ग कर्मचारीले आगनमा रहेको नबिल बैंकको सुविधाको बारेमा जानकारी गराइएको थियो । नबिल बैंकको हेटौंडा शाखाले जनप्रिय माध्यमिक विद्यालयमा विद्यार्थीका लागि साक्षरता कार्यक्रमको आयोजना गरेको थियो ।

# तुल्सी मेहरको खेलकुद सप्ताह सम्पन्न

समाज संवाददाता

हेटौंडा: हेटौंडा-१० स्थित तुल्सीमेहर सेकेण्डरी स्कूलको खेलकुद सप्ताह सम्पन्न भएको छ । मंगलबारबाट सुरु भएको खेलकुद सप्ताह शुक्रबार सम्पन्न भएको हो । हेटौंडा-१० स्थित वन विज्ञान क्याम्पसको चौरमा सुरु भएको खेलकुद सप्ताहमा कक्षा-६ देखि कक्षा-१० सम्मका विद्यार्थीको सहभागिता रहेको थियो ।

खेलकुद सप्ताहमा एथ्लेटिक्स, भलिबल, कबड्डी र फुटबल लगायतका खेलहरु भएको अतिरिक्त क्रियाकलापका संयोजक इश्वर छतकुलीले जानकारी दिनुभएको छ । विद्यार्थीको रुचि क्षमता र खेलप्रतिको मायालाई अभिवृद्धि गर्नका लागि खेलकुद कार्यक्रमको आयोजना गर्दै आएको संयोजक इश्वर छत्कुलीले बताउनुभएको छ । शिक्षासँगै खेल र खेलसँगै शिक्षा भन्ने नारालाई सार्थक बनाएर खेलकुदलाई प्राथमिकतामा राख्ने प्रयास गरिरहेको कार्यबाहक प्राचार्य कमल नेपालले बताउनुभयो ।

# हेटौंडामा तरकारीको भाउ घट्यो

समाज संवाददाता

हेटौंडा: हेटौंडास्थित थोक तरकारी बजारमा तरकारीको मूल्य घटेको छ । स्थानिय तरकारी बजारमा आएसँगै तरकारीको मूल्य घटेको हो । एक हप्ता अगाडीको तुलनामा तरकारीक भाउ घटेको हेटौंडा-१ स्थित थोक तरकारी बजारको परिजात फलफूल तथा तरकारी सप्लायर्सका प्रोप्राइटर बद्रि घिमिरेले जानकारी दिनुभयो ।

शुक्रबार बजारमा गोलभेडा, मुला, बन्दा, भाउ रुपैयाँले बढेको छ भने तितेकरेला, नयाँ आलु, घिउ सिमी, घर सिमी केराउकोसा लगाएत तरकारीको भाउ घटेको छ । बिहीबार प्रतिकिलो ७५ रुपैयाँमा बिक्री भएको गोलभेडा शुक्रबार ५ रुपैयाँले भाउ घटेर ७० रुपैयाँमा बिक्री भएको छ । शुक्रबार थोक बजारमा साग प्रतिमुठा २० रुपैयाँ, केराउकोसा १५० रुपैयाँ, लसुनको साग १५० रुपैयाँ, काउली ६० रुपैयाँ, धनियाँ ८० रुपैयाँ, बन्दा २५ रुपैयाँ, घिउसिमी ७० रुपैयाँ, घरसिमी ८० रुपैयाँ, तितेकरेला ८० रुपैयाँ, मुला ३० रुपैयाँ, नयाँ आलु ६२ रुपैयाँ, लौका ४५ रुपैयाँ, खुर्सानी ६० रुपैयाँ, हरियो प्याज साग ६० रुपैयाँ प्रतिकिलो बिक्री भएको छ ।

यस्तै पाकेको फर्सी ४५ रुपैयाँ, हरियो फर्सी ६० रुपैयाँ, गाँजर १०० रुपैयाँ, मकै बोडी ५० रुपैयाँ, कागती १७० रुपैयाँ, काँक्रो ८० रुपैयाँ, भन्टा ६० रुपैयाँ, भिडे खोर्सानी ८० रुपैयाँ, इस्कुस २० र भिन्डी १२० रुपैयाँ, चमसुर पालुङ्गो साग ३० रुपैयाँ, सुप साग ३० रुपैयाँ, र पत्ता च्याउ १२० रुपैयाँ किलो बिक्री भएको घिमिरेले बताउनुभयो । स्थानिय उत्पादनको काउली, बन्दा लगाएतका तरकारीहरु अहिले काठमाण्डौ, नारायणघाट लगायतका बजारमा बिक्री गरिएको छ भने बाहिरबाट भिडे खुर्सानी, हरियो खुर्सानी, पर्वल लगायतका तरकारी आयात गरिने गरेको घिमिरेले बताउनुभयो ।




•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।
•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।
•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

सञ्चालनमा आयो
पशुपति ईभी चार्जिङ स्टेशन
हेटौंडा-४ पशुपति मन्दिरअगाडि
पशुपति ईभी चार्जिङ सेन्टर



६ वटा चार्जिङ युनिटसहित
सम्पर्क: ९८५५०६८८७३

रोजगारीको अवसर
यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधिको आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरबाट दरखास्त आव्हान गरिन्छ ।
• **कार्यक्षेत्र** : हेटौंडा उपमहानगरपालिका ।
• **अनुभव** : आवश्यक छैन ।
• **काम** : personal care, food supplement, clothes, grocery product हरुको प्रवर्द्धन गर्ने ।
• **आफ्नो वायोडाटा निवेदनको साथ पेश गर्नुहोला ।**



**सेवा सुविधाहरू**
• तलब : १५,००० बाट सुरु भई १,००,००० सम्म,
• अन्य सेवा सुविधा सप्लायर्सको नियम अनुसार हुनेछ ।
सम्पर्क
मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२०२३६
स्थान: हेटौंडा-१ राप्तीरोड मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।
Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।



साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ